बैठक संख्या ७          समयः विहान ११ बजे          बैठक मिति २०८२।११।२९

आज मिति २०८२ साल फागुन महिना २९ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिंह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

**<u>प्रस्तावहरुः</u>**

१. सडक बोर्डको वार्पिक कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा।

२. दिवा खाजा गोदाम व्यवस्थापकको करार सम्झौताको म्याद थप सम्वन्धमा।

३. रकमान्तर सम्बन्धमा।

४. गाँउवसको पटके भाडादर निर्धारण सम्बन्धमा।

५. सार्वजनिक सेवा प्रवाह र विकासको अवस्थाको समीक्षा गर्ने सम्बन्धमा।

६. नौगाड खोला तटबन्ध माग गर्ने सम्वन्धमा।

७. थप नमस्ते टावर माग गर्ने सम्बन्धमा।

८. विविध।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ चालु आवको लागि सडक वोर्डबाट प्राप्त रु ११ लाख र यस गाउँपालिकाले थप गर्नुपर्ने २ लाख ७५ गरी १३ लाख ७५ हजार विनियोजित बजेटबाट तपसिल अनुसारका सडक मर्मत तथा सफाइ गर्ने गरी वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क स | सडकको नाम | ठेगाना | विनियोजन |
|---|---|---|---|
| १ | सुकेखोला चिउरेवगर खार दल्लेख सडक | वडा न ६,५,३र २ | ८ लाख |
| २ | होपरीगाड सिप्टी सडक | वडा न ३ र ४ | ५ लाख ७५ हजार |

निर्णय नं २ प्रस्ताव नं. २ माथी छलफल गर्दा गोदाम व्यवस्थापकको रुपमा कार्यरत कर्मचारीको करार सम्झौतको को म्याद गाउँसभाले निर्धारण गरेबमोजिमको सेवा सुविधा पाउने गरी सोही पद र तहमा हाललाई चालु आवको असार मसान्त सम्म थप गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ३ प्रस्ताव न ३ माथि छलफल गर्दा देहाय बमोजिमका खर्च शीर्षकको रकम रकमान्तर गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| क स | खर्च शीर्षक | साविकको शीर्षक | हाल कायम | रकम |
|---|---|---|---|---|
| १ | ३१५११ | भैपरीपूजिगत | पाइप खरिद तथा वितरण | १५०,००० |
| | | | धुलिगडा वाल तथा बाटो निर्माण | ३,५०,००० |
| २ | २२५२२ | अनुगमन भ्रमण तथा अवलोकन | अतिथि सत्कार तथा चियापान खर्च | १,००,००० |
| | | | विविध खर्च | २,००,००० |
| ३ | २२६१२ | अनुगमन तथा भ्रमण खर्च | ल्यापट खरिद | ८०,००० |
| ४ | | झोलुङ्गेपुलको गाउँपालिका अंश | ट्रान्सफर्मर मर्मत तथा ढुवानी | १,५०००० |

निर्णय नं ४ प्रस्ताव न ४ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँबस को पटके भाडा सोहि ठाउँको प्रचलित भाडा दरमा १० प्रतिशत छुट दिइ हुन आउने सेवाशुल्क निर्धारण गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ५  प्रस्ताव न ५ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा सम्झौता गर्न वाकीं आयोजनाहरुको यथाशीघ्र सम्झौता गर्ने र अनुगमन लाई अझ वढी प्रभावकारी वनाउने साथै सेवा प्रभावलाई अझबढी प्रभावकारी वनाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ६  प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न १ देखि ६ सम्म वग्ने होपरीगाड नदिले वर्सेनी बस्तिहरु तथा खेतियोग्य जमिन तीव्र कटान गरिरहकोले उक्त वस्तिहरु तथा खेतियोग्य जमिन जोगाउनका लागि नौगाड खोलामा तटवन्ध अतिआवश्यक रहेकोले आगामी आर्थिक वर्षमा बजेट विनियोजनको लागि प्रदेश सरकारका सम्वन्धित निकायमा  अनुरोध गर्ने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ७  प्रस्ताव न ७ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न ६ को मोहने खोलाको घोल्चेरे डाडाँमा नेपाल टेलिकमको  नमस्ते टावर रहेको भएता पनि उक्त टावरको नजिकैका  वस्तिहरुमा समेत मोवाइलमा नेटवर्क नआउने समस्या रहेकोले यस गाउँपालिकाका गडिगाड, पनढुङ्गा, परिगाउँ खालिडाडाँ, एगरभगे, लेक, मल्ला रैचु र तल्ला रैचुका लगभग ४०० घरधुरीहरुमा मोवाइलमा नेटवर्कको समस्या रहेकोले सो क्षेत्रहरु कभरहुने गरी नमस्ते टावर जडान गरिदिनुहुन नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।